प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
# प्रदेश लेखा नियन्त्रक कार्यालय
कोशी प्रदेश
विराटनगर, नेपाल
ईमेल: province1.ptco@gmail.com
फोन नं.: ०२१-४२२०१८

प.सं. २०८०/८१
च.नं ३६०

मिति:२०८०।१०।१०

*बिषयः- प्रतिवद्धताको अभिलेख प्रविष्टि तथा भुक्तानी सम्बन्धमा ।*

श्री मन्त्रालयहरु, सबै, कोशी प्रदेश ।
श्री प्रदेश सभा सचिवालय, कोशी प्रदेश ।
श्री प्रदेश लोक सेवा आयोग, कोशी प्रदेश ।
श्री मुख्य न्यायाधिवक्ताको कार्यालय, कोशी प्रदेश ।
श्री प्रदेश योजना आयोग, कोशी प्रदेश ।

प्रस्तुत विषयमा दायित्व तथा प्रतिवद्धता अभिलेखन सम्बन्धमा यस कार्यालयको च.नं. ३४६ मिति २०८०।१०।०२ को पत्र प्राप्त गर्नु भएकै होला, क्रियाकलापमा आधारित सरकारी लेखाप्रणाली (Computerized Government Accounting System, CGAS) नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७७।०७।२० को निर्णयानुसार संघ र प्रदेश सरकार अन्तर्गतका सबै सरकारी कार्यालयहरुमा आर्थिक वर्ष २०७७/०७८ देखी अनिवार्य रुपमा लागु भएको सन्दर्भमा महालेखा नियन्त्रक कार्यालयले CGAS+ मा सुधार गरी प्रतिवद्धताको अभिलेख प्रविष्टि गर्ने र सोही अभिलेखमा आधारित भई सम्झौता बमोजिमको रकम भुक्तानी गर्ने व्यवस्था मिलाएकोले विगतका आर्थिक वर्षमा खरिद सम्झौता भई कार्यान्वयनमा रहेका तथा आगामी दिनमा सम्झौता गरी खरिद हुने (बोलपत्र/सिलबन्दी दरभाउपत्र/सोझै) सबै किसिमका खरिद सम्झौताको विवरण CGAS+ प्रविष्टि गर्ने र उक्त सम्झौता बमोजिमको रकमको भुक्तानी तथा उक्त सम्झौताको कन्टिन्जेन्सी रकम भुक्तानी गर्दा सोही अभिलेखको आधारमा भुक्तानी गर्ने व्यवस्था आफ्नो तथा मातहतका निकायमा प्रभावकारी कार्यान्वयनको लागि देहाय बमोजिम गर्न गराउन हुन अनुरोध छ।

दामोदर खत्री
प्रदेश लेखा नियन्त्रक

प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय

# प्रदेश लेखा नियन्त्रक कार्यालय

कोशी प्रदेश
विराटनगर, नेपाल
ईमेल: province1.ptco@gmail.com
फोन नं.: ०२१-४२२०१८

देहायः

१. खरिद सम्झौता गरी खरिद गरिने सम्पूर्ण खरिद सम्झौता तत्काले खर्च प्रतिवद्धताको अभिलेखमा प्रविष्टि गर्ने साथै विगतका आर्थिक वर्षहरुमा खरिद सम्झौता भई कार्य सम्पन्न हुन बाँकी खरिद सम्झौताको समेत प्रतिबद्धताको अभिलेखमा प्रविष्टि गर्ने,

२. खरिद सम्झौता बापतको बिल रकम वा पेश्की रकम भुक्तानी गर्दा यसै सम्झौता भुक्तानी मोडयुलबाट भुक्तानी गर्ने साथै उक्त सम्झौताको कन्टिन्जेन्सीको रकम भुक्तानी गर्दा पनि सोही मोडयुलबाट भुक्तानी गर्ने,

३. विगतका आर्थिक बर्षहरुमा खरिद सम्झौता भई कार्य सम्पन्न नभएका खरिद सम्झौताहरुको हकमा विगतका आर्थिक बर्षहरुमा भुक्तानी भएको पेश्की रकम, विल रकम र कन्टिन्जेन्सी रकमको विवरण खर्च प्रतिबद्धताको अभिलेखमा प्रविष्टि गर्ने,

४. प्रदेश लेखा इकाइ कार्यालयले भुक्तानी निकासा गर्दा खरिद सम्झौता गरी भएका भुक्तानी खर्च प्रतिबद्धता अभिलेखमा प्रविष्टि गरी भुक्तानी नगरेको पाईएमा भुक्तानी आदेश फिर्ता वा प्रतिबद्धताको अभिलेखमा प्रविष्टि गरी भुक्तानी आदेश पेश गर्न लगाउने व्यवस्था रहेको छ।

५. प्रविष्टि गरिएका विवरण सच्याउने र विगतका आर्थिक वर्षहरुमा खरिद सम्झौता भई कार्य सम्पन्न नभएका खरिद सम्झौताको प्रविष्टि गर्ने अवधि महालेखा नियन्त्रक कार्यालयले माघ मसान्तसम्म तोकेकोले यस अवधिभित्र प्रविष्टिमा कुनै त्रुटी भएको रहेछ भने सच्याउन र विगतका आर्थिक वर्षहरुमा खरिद सम्झौता भई कार्य सम्पन्न नभएका खरिद सम्झौताको प्रविष्टि गर्नु गराउनु हुन ।

.................................